अल्लाहले त्यो व्यक्तिमाथि कृपा गरून् जसले किनबेच र ऋण असुल उपर गर्दा नम्रतापूर्वक व्यवहार गर्छ ।

जाबिर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "अल्लाहले त्यो व्यक्तिमाथि कृपा गरून् जसले किनबेच र ऋण असुल उपर गर्दा नम्रतापूर्वक व्यवहार गर्छ ।" [सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले किनबेच गर्दा नम्रता र उदारता देखाउने व्यक्तिको लागि कृपा प्राप्तिको प्रार्थना गर्नुभएको छ । तसर्थ, मूल्यको बारेमा खरिदकर्तासँग कडा नहुनुहोस् र राम्रो आचरणको प्रदर्शन गर्नुहोस् । त्यसैगरी खरिद गर्दा नम्रता र उदारताका साथ व्यवहार गर्नुहोस् र सामानको अवमूल्याङ्कन वा मूल्य नघटाउनुहोस् । त्यसैगरी ऋण माग्दा नम्र र उदार बन्नुहोस् । गरिब र खाँचोमा परेको व्यक्तिसँग कठोर व्यवहार गर्नुको सट्टा नम्रतापूर्वक ऋण माग्नुहोस् र थप समय पनि दिनुहोस् ।

https://sunnah.global/hadeeth/ne/show/3716